जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक
पूर्वसन्देश
PURBA SANDESH NATIONAL DAILY
purbasandesh.com

नवरात्रमा शक्तिपुजा र दुर्गा भवानीको आराधना

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

(३)

सिटी डेन्टल
आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।
यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।
दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २६३ ❑ २०८३ असोज २८ गते बुधबार ❑ Wednesday, 14 Oct. 2026 ❑ मूल्य ७ /-

दमक क्याम्पसको १५ औं क्याम्पस सभा सम्पन्न

♦ ५४२ सामुदायिक क्याम्पसमा दमक पाँचौं स्थानमा ♦ शैक्षिक प्रगतिसँगै गुणस्तर सुधारमा जोड

खगेन्द्र कार्की

दमक / देशभरिका ५ सय ४२ सामुदायिक क्याम्पसमध्ये दमक बहुमुखी क्याम्पस पाँचौं स्थानमा रहेको दाबी गर्दै क्याम्पसलाई विज्ञानको हबका रूपमा विकास गर्ने लक्ष्य अघि सारिएको छ । मंगलबार आयोजित क्याम्पसको १५औं सभामा क्याम्पस प्रमुख यज्ञराज गिरीले करिब डेढ करोड रूपैयाँका विज्ञानसम्बन्धी सामग्री रहेको जानकारी दिंदै क्याम्पसले शैक्षिक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताए ।

गिरीका अनुसार विभिन्न पदमा रहेर काम गर्ने पदाधिकारी, प्राध्यापक, कर्मचारी तथा अन्य सरोकारवालाको योगदानले क्याम्पसले वर्तमान अवस्था हासिल गरेको हो । दमक क्याम्पसको नाम देशभर परिचित हुँदै गएको उल्लेख गर्दै उनले क्याम्पसबाट हालसम्म तीन दर्जनभन्दा बढी पीएचडी उपाधि प्राप्त गरेका जनशक्ति उत्पादन भएको बताए ।

कार्यक्रममा समयसापेक्ष ऐन, कानुनहरू परिमार्जन हुन नसक्दा र बन्न नसक्दा परिणाम शिक्षा र आर्थिक क्षेत्रले व्यहोरिरहेको उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईले बताए । उनले शुभकामना मन्तव्य दिंदै अबको शिक्षा रोजगार र शीपसँग जोडिएर आउनुपर्ने बताए । बजारले कस्तो कामदार खोजेको छ भन्ने अध्ययन गरेर सोही अनुसारको पठनपाठन हुन आवश्यक रहेको औंल्याए । अब पुस्तौली पेशाले नहुने भन्दै प्रविधिको जमानामा सोही अनुसारको शिक्षा शिकाई र नीति नियम हुन आवश्यक रहेको बताए ।

सो कार्यक्रममा विभिन्न संकायका टपर विद्यार्थीहरू विभिन्न सेमेष्टरबाट सम्मानित भएका थिए । कार्यक्रममा पिएचडी होल्डर प्राध्यापक डाक्टरहरू नेत्र बहादुर बुढाथोकी, व्यञ्जना शर्मा, अरूणकुमार श्रेष्ठ, नविनकुमार गुरूङ र भूमिप्रसाद दाहाललाई सम्मान गरिएको थियो । यसैगरी क्याम्पसका सुरक्षाकर्मी कर्मचारी खड्ग बहादुर सार्कीलाई उत्कृष्ट कर्मचारीका रूपमा सम्मान गरिएको थियो । यसकासाथै क्याम्पसले गरिब तथा जेहेन्दार विद्यार्थीको सहयोगका लागि स्थापित विभिन्न कोषका दाताहरू, जग्गा उपलब्ध गराउने दाताहरूसमेतलाई समेत सम्मान गरेको थियो ।

कार्यक्रममा अध्यक्षको प्रगति प्रतिवेदन, शैक्षिक एवम् आर्थिक प्रतिवेदन र लेखा बाँकी 4 पेजमा ▸▸

मुख्यमन्त्रीहरूको साझा धारणा

प्रदेशलाई अधिकार हस्तान्तरण गर्न ढिला भएको निष्कर्ष

दमक/ विराटनगरमा आयोजित दुईदिने 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन'मा सहभागी सातै प्रदेशका मुख्यमन्त्रीहरूले संघीय सरकारको केन्द्रीकृत मानसिकता र अधिकार हस्तान्तरणमा भएको ढिलासुस्तीप्रति कडा आक्रोश पोखेका छन् ।

संविधान जारी भएको एक दशक पुग्न लाग्दा पनि संघले एकल तथा साझा अधिकार नदिएर प्रदेश संरचनालाई पंगु बनाएको उनीहरूको गुनासो छ ।

मुख्यमन्त्रीहरूले प्रदेशलाई कानुन र अधिकार नदिई उल्टै परिणाम खोज्ने प्रवृत्तिको विरोध गरेका छन् । प्रहरी समायोजन, संघीय निजामती सेवा ऐन, शिक्षा र वन ऐन लामो समयदेखि थन्किएका कारण प्रदेश सरकारहरूले खुट्टा बाँधिएर दौडनुपरेको उनीहरूको टिप्पणी छ । बजेटको ठूलो हिस्सा संघमै थुपारिएर प्रदेशको चालु खर्च केवल चार प्रतिशत हाराहारी मात्र सीमित हुँदा पनि प्रदेशलाई 'सेतो हात्ती' भनी गरिएको दुष्प्रचारको उनीहरुले तथ्यांकसहित खण्डन गरे । संघको प्रशासनिक खर्च ५० प्रतिशतभन्दा बढी र स्थानीय तहको ४४ प्रतिशतभन्दा बढी रहेको महालेखा नियन्त्रकको तथ्यांक प्रस्तुत गर्दै मुख्यमन्त्रीहरुले ९५ प्रतिशतभन्दा बढी खर्च अन्यत्र हुँदा पनि बदनामी जति प्रदेशले खेप्नुपरेको विडम्बना ब्यक्त गरे ।

प्रधानमन्त्री र शीर्ष नेतृत्व संघीयताप्रति इमानदार नभएको आरोप लगाउँदै उनीहरूले अब गुनासो मात्रै गरेर नबस्ने बताएका छन् । यसअघि पोखरा भेलाका बाँकी 4 पेजमा ▸▸

अधिकांश मासु तथा दूध पसलहरू अव्यवस्थित

सुनसरी/ सुनसरीको सदरमुकाम इनरूवामा सञ्चालित अधिकांश मासु तथा दूध पसलहरू अस्वस्थ, अव्यवस्थित र सरसफाइरहित पाइएका छन् । इनरूवा नगरपालिका र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको संयुक्त टोलीले गरेको बजार अनुगमनका क्रममा यस्तो अवस्था भेटिएको हो ।

हालै गरिएको अनुगमनका क्रममा सरसफाइदेखी पशुजन्य उत्पादन तथा वितरणको कार्य मापदण्ड विपरीत रहेको पाइएकाले सरकारी निकायबाट सुधारका लागि सुझाव दिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीका चिनेश्वर मेहताले जानकारी दिए ।

इनरूवा नगरपालिकाकी उपप्रमुख विनिता कुमारी मेहताका अनुसार उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै नगर क्षेत्रभित्र सञ्चालित दूध डेरी तथा मासु पसलहरूको गहन अनुगमन गरिएको हो । अनुगमनका क्रममा २० भन्दा बढी पसलहरूको निरीक्षण गरिएको थियो ।

अनुगमनबारे जानकारी बाँकी 4 पेजमा ▸▸

दसैं मनाउन काठमाडौं छोड्दै यात्रु

दमक/ मौसम खुलेसँगै दशैं मनाउँन काठमाण्डैबाट बाहिरिनेको संख्या बढेको छ । बडादसैं नजिकिएसँगै काठमाडौं उपत्याका छाड्ने यात्रुको चाप बढेको हो । दसैं मनाउन घर फर्किने क्रममा सोमबार बिहानदेखि मंगलबार बिहानसम्म २४ घण्टामा ५६ हजार ८०९ यात्रु उपत्याकाबाट बाहिरिएका छन् ।

ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालले दसैं मनाउन विभिङ्ग नाका हुँदै यात्रु बाहिरिने क्रम बढेको जानकारी दिए ।

उनका अनुसार नागढुंगा नाकाबाट सबैभन्दा बढी २७ हजार ६४९ यात्रु बाहिरिएका छन् । यस्तै, भक्तपुर नाकाबाट २० हजार ६१५, फर्पिङबाट पाँच हजार ५१०, भीमढुङ्गाबाट ५१३, तीनपिप्लेबाट ९७२, साँखुबाट ६०८, भट्टेडाँडाबाट बाँकी 4 पेजमा ▸▸

पिकअपमा १५९ केजी गाँजा

उदयपुर/उदयपुरको बेलका नगरपालिका -०५ सुपाडे देउरालीबाट १५९ किलो ४०० ग्राम गाँजासहित एक जना पिकअप चालकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको सप्तकोशी नगरपालिका आदोरा बस्ने अन्दाजी २८ वर्षीय पशुपति साफी रहेका छन् ।

रामपुरबाट फत्तेपुरतर्फ जाँदै गरेको पिकअपलाई रोकेर जाँच गर्दा धानको भुसका बोराले छोपेर लैजाँदै गरिएको अवस्थामा गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

उक्त गाँजा तौल गर्दा १५९ किलो ४०० ग्राम रहेको पाइएको छ । गाँजा र पिकअपसहित चालक साफीलाई नियन्त्रणमा लिएर लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको छ ।

दशैं लक्षित सुरक्षा योजना

दमक/ चाडपर्वमा नागरिकको स्वतन्त्रता, धार्मिक तथा सांस्कृतिक आस्था, जनधनको सुरक्षा, महिला, बालबालिका, अपाङ्ग एवं जेष्ठ नागरिकको सुरक्षा र अधिकारको सम्मान गर्न नेपाल प्रहरीले सुरक्षा योजना अवलम्बन गरेको छ ।

नेपाल प्रहरीले देशभर ५० हजार बढी प्रहरी परिचालन गरेर चाडपर्व बाँकी 4 पेजमा ▸▸

विद्युत् सर्टबाट आगलागी

धनकुटा / महालक्ष्मी नगरपालिका- ४, चानुवामा विद्युत् सर्ट भएर आगलागी हुँदा पाँच लाख रूपैयाँबराबरको क्षति भएको छ ।

मंगलबार बिहान ९:१० बजे योगेश अधिकारीको टिनको छानो भएको काठपात र टिनले बनेको एकतले घरमा विद्युत् सर्ट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ । आगलागीको जानकारी प्राप्त भएपछि प्रहरी चौकी चानुवाबाट खटिएको टोली र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ ।

आगलागीबाट घरसहित भित्र रहेका लत्ताकपडा, भाँडावर्तन, खाद्यान्न तथा सोही घरमा सञ्चालित कस्मेटिक पसलका सामान पूर्ण रूपमा जलेर नष्ट भएको धनकुटाका प्रहरी प्रवक्ता डिएसपी हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए। घटनामा मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जनाएको छ ।

रास्वपाको "हामी आउँदैछौं अभियान:

दमकबाट सुरू, बुद्धशान्तिमा समापन

दमक / राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झापामा सञ्चालन गरेको 'हामी आउँदैछौं' अभियान बुद्धशान्ति गाउँपालिकामा सम्पन्न गरेको छ । असोज २१ गते दमक नगरपालिकाबाट सुरू भएको अभियान २६ गते बुद्धशान्तिमा पुगेर समापन भएको हो ।

जिल्लाका ८ नगरपालिका, ७ गाउँपालिका र १३१ वटै वडाका नेता, कार्यकर्ता तथा स्थानीय नेतृत्वसँग संवाद गर्दै अघि बढेको अभियानले संगठनको अवस्था समीक्षा, कार्यकर्ताका गुनासा तथा सुझाव संकलन र आगामी राजनीतिक कार्यदिशा स्पष्ट पार्ने लक्ष्य राखेको थियो ।

अभियानका क्रममा दमकसहित जिल्लाका विभिन्न स्थानीय तहमा पार्टीको संगठन विस्तार, नेतृत्व विकास, आगामी निर्वाचनका लागि सम्भावित उम्मेदवारको तयारी र स्थानीयस्तरमा संगठनलाई थप सक्रिय बनाउने विषयमा छलफल गरिएको थियो। स्थानीय नेतृत्व तथा कार्यकर्तासँग प्रत्यक्ष भेटघाट र बाँकी 4 पेजमा ▸▸

शुभकामना
विजयादशमी, शुभ दीपावली तथा छठ पर्व
२०८३ को पावन अवसरमा
सम्पूर्ण करदाता, व्यवसायी तथा उद्योगीहरूमा
सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं
उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।
आन्तरिक राजस्व कार्यालय,
परिवार, दमक, झापा

दशैंको हार्दिक शुभकामना
विजया दशमी, शुभ दीपावली तथा छठ पर्व
२०८३ को पावन अवसरमा
सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी, शिक्षाप्रेमी
तथा समस्त नेपाली दाजुभाई/दिदीबहिनीहरुमा
सुख, शान्ति, समृद्धि, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना ।
ढुण्डीराज भण्डारी
(अध्यक्ष)
यज्ञराज गिरी
(क्याम्पस प्रमुख)
दमक बहुमुखी क्याम्पस परिवार
दमक-झापा

सम्पादकीय

चाडपर्वमा सुरक्षा र नागरिकको दायित्व

नेपालीहरुको महान चाडहरु–बडा दसैं, तिहार, र छठ नजिकिँदै गर्दा देशभर एक किसिमको उल्लासमय र उमंगपूर्ण वातावरण छाएको छ । परिवारसँग भेटघाट गर्न, आफन्तजनसँग खुसी साट्न र घर फर्कनका लागि मानिसहरुको चहलपहल अत्यधिक बढेको छ । रोजगारी, अध्ययन वा विभिन्न सिलशिलामा घर बाहिर रहेकाहरु आफ्नो थातथलो फर्किरहेका छन् । तर, यही उल्लास र खुसीको समयमा अर्कोतर्फ सुरक्षा चुनौतीहरु पनि उत्तिकै बढेर जाने गरेका छन् । चाडपर्वको मौका छोपी हुने चोरी, डकैती, लुटपाट तथा यातायात क्षेत्रमा देखिएका अस्तब्यस्तताले सर्वसाधारणको जनजीवनलाई कष्टकर बनाउँदै लगेको छ । तसर्थ, समयमै सचेत हुँदै सुरक्षा निकायले कडा निगरानी बढाउनु आजको टड्कारो आवश्यकता बनेको छ ।

विशेषगरी दसैं र तिहार जस्ता पर्वहरुमा लामो समय घरमा ताला लगाएर परिवारसहित अन्यत्र जाने वा गाउँ फर्किने प्रवृत्ति ब्यापक छ । यसैको फाइदा उठाएर पेशेवर चोर तथा आपराधिक तत्वहरु सक्रिय हुने गर्छन्। घरको ताला फोडेर धनमाल, गरगहना र नगद चोरी गर्ने घटनाहरु हरेक वर्ष चाडपर्वको बेला बढ्ने गरेका छन् । त्यसैगरी, बजारमा किनमेल गर्नेहरुको भीडभाड हुने स्थानमा पकेटमार, लुटपाट गर्ने समूहहरु सक्रिय हुन्छन् । सुनचाँदीका गरगहना लगाएर हिँड्ने महिलाहरुलाई लक्षित गरी गरगहना खोस्ने वा लुट्ने घटनाहरु पनि छिटपुट रुपमा देखिन थालेका छन् । यसले नागरिकहरुलाई मानसिक रुपमा त्रसित बनाउनुका साथै ठूलो आर्थिक क्षति पु¥याइरहेको छ ।

चोरी र डकैतीसँगै चाडपर्वका बेला अर्को विकराल समस्याका रुपमा देखा पर्ने गरेको छ । यातायात क्षेत्रको अब्यवस्थामा घर फर्किने यात्रुहरुको चाप अत्यधिक हुने भए पनि सोही अनुपातमा सवारी साधनको ब्यवस्थापन नहुँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको छ । बसपार्कहरुमा टिकट काट्न लामो लाइन बस्नुपर्ने, पाइएको टिकटमा पनि तोकिएको भन्दा बढी भाडा असुलिने र कोचिएर यात्रा गर्न बाध्य हुनुपर्ने अवस्था वर्षौंदेखिको समस्या बन्दै आएको छ । त्यसमाथि, कालोबजारी गर्नेहरुले टिकट लुकाउने र कृत्रिम अभाव सिर्जना गर्ने प्रवृत्तिले यात्रुहरुलाई झनै मर्माहत बनाएको छ । सडकमा हुने अत्यधिक भीडभाड र अनियन्त्रित सवारी आवागमनका कारण दुर्घटनाको जोखिम पनि उच्च हुने गरेको छ ।

यस्तो संवेदनशील परिस्थितिमा राज्यका सुरक्षा निकाय, विशेषगरी नेपाल प्रहरीको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । चाडपर्वलाई लक्षित गरेर प्रहरीले विशेष सुरक्षा योजना सार्वजनिक गर्ने गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन जमिनमा देखिनुपर्छ । गस्ती (पेट्रोलिङ) लाई ब्यापक बनाउनु पर्छ । सादा पोसाकमा प्रहरी परिचालन गरी भीडभाडयुक्त स्थान, बसपार्क, र बजार क्षेत्रहरुमा निगरानी बढाउनु जरुरी छ । घर खाली छोडेर जानेहरुलाई लक्षित गरी टोल–टोलमा सामुदायिक प्रहरी साझेदारीको माध्यमबाट जनचेतना जगाउने र निगरानी गर्ने प्रणालीलाई अझ मजबुत बनाउनुपर्छ । साथै, यातायात क्षेत्रमा हुने सिन्डिकेट, ठगी र ओभरलोडलाई नियन्त्रण गर्न यातायात ब्यवसायीहरुसँग समन्वय गरी कडा अनुगमन गर्नुपर्छ । तोकिएको भन्दा बढी भाडा लिने वा टिकटमा कालोबजारी गर्नेहरुलाई तत्काल कानुनी कठघरामा उभ्याउनुपर्छ ।

सुरक्षाको दायित्व केवल प्रहरी वा प्रशासनको मात्र होइन, यसमा नागरिकहरुको पनि उत्तिकै सचेतता आवश्यक हुन्छ । यात्रा गर्दा वा भीडभाडमा हिँड्दा ब्यक्तिगत सुरक्षाको ख्याल गर्ने, अपरिचित ब्यक्तिले दिएका खानेकुरा नखाने, अमूल्य धनमाल वा धेरै नगद बोकेर हिँड्दा सावधानी अपनाउने गर्नुपर्छ । लामो समय घर छाड्दा छिमेकी वा नजिकको प्रहरी कार्यालयलाई जानकारी गराउनु बुद्धिमानी हुन्छ ।

चाडपर्व खुसी र उमंग साटासाट गर्ने पर्व हो, यसलाई असुरक्षा र त्रासमा परिणत हुन दिनु हुँदैन । राज्यका सबै संयन्त्रहरुले गम्भीर भएर जिम्मेवारी निर्वाह गरेमा मात्रै नागरिकले ढुक्क भएर चाडपर्व मनाउन सक्नेछन् । तसर्थ, समयमै सुरक्षा सतर्कता बढाइयोस्, ताकि कुनै पनि नागरिकले चाडपर्वको बेला पीडा भोग्नु नपरोस् ।

औद्योगिक क्षेत्रका समस्या समाधान गर्न व्यवसायीको जोड

मोरङ/ उद्योगमैत्री नीति, उत्पादन लागतमा कमी र औद्योगिक पूर्वाधार विकासमार्फत लगानी प्रवर्द्धन तथा निर्यात विस्तार गर्न उद्योगीहरूले जोड दिएका छन् । संघीय संसद्, प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिका सभापति रहबर अन्सारी र उद्योग संगठन मोरङको कार्यसमितिबीच भएको छलफलमा उद्योगीहरूले औद्योगिक क्षेत्रका समस्या समाधान गर्न नीतिगत सुधार आवश्यक रहेको बताएका हुन् ।

संगठनका अध्यक्ष नन्दकिशोर राठीले नयाँ लगानी आकर्षित गर्न र विद्यमान उद्योगमा लगानी विस्तार गर्न उद्योगमैत्री नीतिगत व्यवस्था आवश्यक रहेको बताए । उनले विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर खारेज गर्न, औद्योगिक पूर्वाधार विकासलाई प्राथमिकता दिन र उद्योगी व्यवसायीको मनोबल बढाउने वातावरण बनाउन आग्रह गरे ।

समितिका सभापति अन्सारीले उद्योग तथा व्यवसाय क्षेत्रका समस्या, उत्पादन लागत र लगानीको वातावरणसँग सम्बन्धित विषय औद्योगिक विकासका दृष्टिले महत्त्वपूर्ण रहेको बताए । उद्योगी व्यवसायीले प्रस्तुत गरेका सुझाव र समस्याको अध्ययन गरी सुधारका लागि आवश्यक पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

भरुवा बन्दुकसहित एक जना पक्राउ

इटहरी / सुनसरीको इटहरी उपमहानगरपालिका(९ बाट प्रहरीले भरुवा बन्दुकसहित एक जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार इलामको माङसेबुङ गाउँपालिका(५ घर भई हाल इटहरी(९ मा बस्दै आएका एक व्यक्तिको कोठामा भरुवा बन्दुक लुकाइछिपाइ राखिएको गोप्य सूचनाका आधारमा प्रहरीले खानतलासी गरेको थियो । खानतलासीका क्रममा एक थान भरुवा बन्दुक फेला परेपछि प्रहरीले उक्त बन्दुक बरामद गरी सम्बन्धित व्यक्तिलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

नवरात्रमा शक्तिपुजा र दुर्गा भवानीको आराधना

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

युद्ध क्षेत्रमा चारैतिरबाट शत्रुहरुबाट घेरिएको अवस्थामा पनि भगवती महाकालीको कृपाले शत्रुहरु माथि विजय प्राप्त गर्न सकिन्छ । यसकारणले मानिसको जीवनमा शक्ति पूजाको ठूलो महत्व रहेको छ । भगवती दुर्गाको स्मरण र चिन्तन गर्ने ब्यक्तिहरुको अभ्युदय हुन्छ तथा मानिसहरुलाई शोक दुःख र भय को प्राप्ति हुँदैन । अथर्ववेदमा श्री देब्यथर्वशीर्षममा देवताहरुले सोधेको प्रश्नमा महादेवी दुर्गा भवानीले यसरी भन्नुभएको छ - म ब्रह्म स्वरुप छु ।

सनातन संस्कृतिमा प्राचीन काल देखि नै शिव र शक्तिको पूजा गर्ने प्रचलन रहँदै आएको छ। वैदिक काल भन्दा पनि अगाडि नै लेखिएका कतिपय ग्रन्थहरू लगायत वेद, उपनिषद, पुराणहरू, रामायण तथा महाभारत जस्ता पवित्र ग्रन्थहरूमा पञ्चमहाभूत शक्तिको रूपमा यस भुमण्डलमा सम्व्याप्त देवी देवताहरूको लागि मन्त्र पाठ, पूजा, हवन र बलि चढाउने तथा देवी देवताहरूलाई खुसी पारेर सिद्धि प्राप्त गर्ने र देवीबाट वरदान र आशीर्वाद ग्रहण गर्ने परम्पराहरू अखण्ड भारतवर्षका सबै जसो मुलुकहरूमा हिन्दू धर्मावलम्बीहरूको दैनिकी र जीवन दर्शनमा एउटा अनिवार्य र विशिष्ट धार्मिक कृत्यको रूपमा हुने गर्दछ।

नवरात्राभरि नै विश्वभरि छरिएर रहेको देवीदेवताहरूका प्रसिद्ध मन्दिर तथा शक्ति पीठहरूमा श्रद्धालु भक्तजनहरुबाट मन्त्र उच्चारपूर्वक देव देवीहरूको आराधना र पूजा अर्चना गर्ने गरिन्छ। जसरी संसारको सृष्टि कर्ता पालनपोषण कर्ता र संहार कर्ताको ठाउँमा ब्रह्मा विष्णु र महेशको अपरिहार्य भूमिका रहेको छ, त्यसरी नै संसारको निर्माण संरक्षण र विनाशमा ब्रह्मा विष्णु र शिवकी अर्धांगिनी ब्रह्माणी रुद्राणी र वैष्णवी देवीको अग्रगामी र अपरिहार्य भूमिका रहने गरेको छ।

ब्रह्मा र सरस्वतीको संयुक्त प्रयासमा संसारको निर्माण हुन्छ। भगवान विष्णु र लक्ष्मीको सहकार्यमा सृष्टिका सम्पूर्ण जडचेतन प्राणीहरूको पालनपोषण र संरक्षण हुन्छ तथा दैवी चक्रको विधानअनुसार संसारको सृष्टि चक्रमा असन्तुलन उत्पन्न भएपछि भगवान शिव र आदि शक्ति दुर्गा भवानीको संयुक्त प्रयासमा संसारको महाविनाश प्रारम्भ हुन्छ। कालक्रमले पुन: संसारको निर्माण हुन्छ। युगौं युगौं देखि यसरी नै संसारमा सृष्टिक्रम स्थापित हुने र संसारको प्रलय भएपछि सृष्टि क्रमको विसर्जन हुने प्रक्रिया निरन्तर चलिरहेको छ। महाकाल शिव र महाकाली दुर्गा तारा भवानीको समष्टि रूप नै अर्ध नारीश्वर रूपमा ईश्वरीय शक्तिको रूपमा यस संसारमा दृश्य र अदृश्य रुपमा विराजमान हुनुहुन्छ। संसारमा सृष्टिको प्रारम्भकालदेखि नै संसारलाई कसरी चलाउने भन्ने सम्बन्धमा विभिन्न किसिमका मूल्य मान्यता र परम्परा हरू रहँदै आएको छ। तथा ती मूल्य मान्यता र परम्पराहरू बीच परस्पर संघर्ष र युद्धको अवस्था पनि मानव समाजले भोग्दै आइरहेको छ। एउटै ॠषिका सन्तानबाट जन्मिएका देवता तथा दानवहरूले दुई किसिमको संस्कार धारण गरेपछि संसारमा देव संस्कृति र असुर संस्कृतिको विकास भएको पाइन्छ। देव संस्कृति अनुसार धार्मिक मूल्य मान्यता परम्परा रीतिथिति र संस्कार अनुसारका सामाजिक कार्यहरू गर्ने तथा धार्मिक कर्मकाण्डहरू लाई पूर्णता दिने विधान रहेको छ भने आसुरी संस्कृति अनुसार धार्मिक मूल्य मान्यता परम्परा रीतिरिवाज र संस्कार लाई विरोध गर्ने तथा सामाजिक आचार विचार समेत नमान्ने र बल पूर्वक भएपनि आसुरी तन्त्र खडा गर्ने अवस्थालाई पनि ठुलठुला महाबली राक्षस राजहरूले निरन्तरता दिँदै आएको हुनाले संसारमा अशान्ति र हिंसाको वातावरण पटकपटक सिर्जना हुँदै गएको देखिन्छ। असुरहरूले धर्मलाई हानि पुऱ्याउने र अधर्मलाई बढावा दिइरहने हुनाले त्यस्तो पापपूर्ण र अधार्मिक कार्यहरूलाई देवताहरूले आफ्नै बलबुतोमा रोक्न नसकेपछि देवताहरूको आह्वानमा भगवती दुर्गाको प्राकट्य हुने समय र अवस्थालाई नै नवरात्र भनेर बुझ्ने गरिन्छ।

भगवान विष्णु क्षीर समुद्रमा कमल फुलको आसनमा निदाइरहेको अवस्थामा भगवान विष्णुको कानबाट निस्केका सुम्भ र निशुम्भ नाम गरेका महाबलशाली दैत्यहरूले पाँच हजार वर्षसम्म भगवान विष्णुसँग बाहुयुद्ध गरेका थिए। कालान्तरमा जब सबै देवताहरू मिलेर पनि दानवहरूसँग युद्धमा पराजित भएपछि उनीहरूले आदि भवानी दुर्गालाई संसारको रक्षाको लागि अगाडि आउन र धर्मको स्थापना गर्न सहयोगको लागि प्रार्थना गरेपछि भगवती दुर्गाको प्रादुर्भाव हुन गएको देखिन्छ। भगवती दुर्गा असुरहरूको विनाश गर्न सक्षम हुनुहुन्छ। कुनै पनि किसिमको आसुरी शक्तिको विनाश गरी संसारमा धर्मको स्थापना र शान्तिको स्थापना गर्नको लागि तत्पर हुनुहुन्छ,। त्यसकारणले संसारका सबै प्राणीहरूले आफ्नो आत्मकल्याणको लागि र संसारको संरक्षणको लागि भगवती दुर्गाको आराधना भक्ति भावपूर्वक गरिरहेको पाइन्छ।

भगवती महामायाको कृपाले आस्तिक र धार्मिक व्यक्तिहरूको त के कुरा नास्तिक तथा दुराचारीहरूले समेत पुण्यको प्राप्ति गर्न सक्दछन् र अर्थ धर्म काम र मोक्षको प्राप्ति गर्न सक्दछन्। सबै जातजाति र धर्मका मानिसहरूले दुर्गा भवानीको पूजा गर्न सक्दछन। मानिसको जीवनमा कुनै पनि कार्य गर्नको लागि शक्ति बलको आवश्यकता हुने गर्दछ। शक्ति बिना मानिसहरूले केही पनि गर्न सक्दैनन्। शक्तिबिना शिव पनि शव समान हुन्छन्। त्यसकारणले मानिसको जीवनमा विद्या, बल, बुद्धि, धनसम्पत्ति, शान्ति, आरोग्यता र प्रतिष्ठा प्राप्त गर्नको लागि दुर्गा भवानीको चरणमा शिर निहुर्याउनु र अविचल भक्तिभावले क्षमायाचना सहित महाकाली सँग वरदान प्राप्त गरी मोक्ष प्राप्तिको लागि कठिनभन्दा कठिन तपस्या तथा मानवीय सेवाभाव र कार्य गरी आफ्नो जीवनको उद्देश्य लाई पूरा गर्न सक्नुपर्दछ।

नवरात्राको नौ दिनमा पहिलो दिनमा देवीको शैलपुत्री भगवतीको रुपमा पूजा गरिन्छ। दोस्रो दिनमा देवीको ब्रह्मचारिणी स्वरूपमा आराधना गरिन्छ तेस्रो दिनमा माता चन्द्रघण्टाको रुपमा तथा चौथो दिनमा कुस्माण्डा देवीको रूपमा पूजा गरिन्छ। नवरात्रको पाँचौं दिनमा देवीको स्कन्द माता स्वरूपको पूजा गरिन्छ तथा नवरात्रको छैठौ दिनमा माता कात्यायनी देवीको रूपमा असीम श्रद्धा र विश्वासका साथ भक्तिभावले पूजा गर्ने गरिन्छ। नवरात्रको सातौं दिन देवीको महाकाली स्वरूप कालरात्री को रुपमा पूजा गरिन्छ तथा नवरात्रको आठौं दिनमा माता भगवतीको महागौरी रुपमा विशेष पूजा गर्ने गरिन्छ।नवरात्रको नवौं दिनमा भगवती दुर्गा सिद्धिदात्री देवीको पूजा हुन्छ। यी नौ दिनमा नौवटा देवीको स्वरूपको पूजा हुन्छ। तर वास्तवमा अखिल ब्रह्माण्डमा व्याप्त देवीका यी नौवटै स्वरूपहरु तथा अन्य अनेकौं योगिनी स्वरूपहरू देवीको मायाबाट सिर्जित शक्तिहरु हुन् र अखण्ड रुपमा माता दुर्गा भवानी एकल स्वरूपमा नै विराजमान रहिरहनु भएको छ।

देवीको यी नौवटै स्वरूपको नौ दिनसम्म पूजा घरमा जमरा अर्थात् जयन्ती राखेर नित्य श्रद्धाभक्ति र विश्वासपूर्वक देवीको आराधना गरेमा भगवती दुर्गाले सबै किसिमका आपतविपत तथा संकटबाट भक्तजनहरूलाई मुक्त पार्ने तथा तथा जीवनमा सुख समृद्धि सुस्वास्थ्य तथा हर्ष र आनन्द पूर्वक जीवन बिताउने आशिर्वचन र वरदान प्रदान गर्नुहुन्छ।

देवी पूजाको नवरात्रको समापन भएपछि दशौं दिनमा भगवती दुर्गा भवानीको प्रसादको रुपमा जमरा टीका ग्रहण गरेपछि दुर्गा पूजाको अनुष्ठान पूर्ण भएको मानिन्छ। भगवती दुर्गाको शरणमा गएपछि कुनै पनि किसिमको अमङ्गल हुँदैन। संकटमा परेका मानिसहरू माथि पनि कुनै विपत्ति आउन सक्दैन। आगोमा जलिरहेको मानिसको प्राण रक्षा पनि भगवती दुर्गा भवानीको कृपाले सम्भव हुन्छ।

युद्ध क्षेत्रमा चारैतिरबाट शत्रुहरूबाट घेरिएको अवस्थामा पनि भगवती महाकालीको कृपाले शत्रुहरू माथि विजय प्राप्त गर्न सकिन्छ। यसकारणले मानिसको जीवनमा शक्ति पूजाको ठूलो महत्व रहेको छ। भगवती दुर्गाको स्मरण र चिन्तन गर्ने व्यक्तिहरूको अभ्युदय हुन्छ तथा मानिसहरूलाई शोक दुःख र भय को प्राप्ति हुँदैन। अथर्ववेदमा श्री देव्यथर्वशीर्षममा देवताहरूले सोधेको प्रश्नमा महादेवी दुर्गा भवानीले यसरी भन्नुभएको छ - म ब्रह्म स्वरूप छु।

सम्पूर्ण दृश्य र अदृश्य प्रकृति र पुरुषरूपमा रहेको संसारको उत्पत्ति मबाटै भएको छ। म आनन्द र अनानन्द स्वरूपको छु। मै विज्ञान र अविज्ञान रुपमा रहेकी छु। पञ्चीकृत र अपञ्चीकृत महाभूत म भित्रै अन्तर्निहित छ। यो सारा दृश्य र अदृश्य जगत भनेको म नै हुँ। वेद र अवेद भनेको मै हुँ। विद्या र अविद्या पनि मै छु। ब्रह्मा विष्णुलाई पनि मैले नै आफूभित्र धारण गरेकी छु। म नै सम्पूर्ण जगतकी परमेश्वरी छु। मबाट नै आकाश इत्यादिको उत्पत्ति भएको छ। यसरी देवी दुर्गा भवानी परमात्माकी शक्ति रुपिणी देवी हुन्। यी देवी नै विश्वमोहिनी देवीका स्वरूप हुन् र माता जगदम्बाको रूपमा पुजित हुनुहुन्छ।

या देवी सर्वभूतेसु शक्ति रूपेण संस्थिता :
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नम:

रोचक लाग्ने दशैंको विशेषता: मनाउने आ-आफ्नै तरिका

दमक/हिन्दुहरुको महान चाड दशैं मनाउने आ-आफ्नै तौरतरिकाहरु छन्। हिन्दु भित्रका विभिन्न जातिहरुले विविध तरिकाले दशैं पर्वलाई मनाउने गर्छन्। भारतीय हिन्दु र नेपाली हिन्दुहरुको दशैं मनाउने शैली भिन्न छन्। दशैंलाई उल्लासमय ढंगले १५ दिनसम्म मनाउने नेपाली हिन्दुहरु नै हुन्। तर पनि जात-जाति र भूगोल अनुसार दशैं मनाउने बिधि फरक फरक छन्। यद्यपी दशैंका विशेषता र आकर्षणहरु भने एउटै र उस्तै छन्।

वास्तवमा दशैं पर्व मनाउने बेलाको मौसम उपयुक्त र रमाइलो हुन्छ। शरद ॠतु भएकाले यतिबेलाको समय घमाइलो मानिन्छ। बर्षा थामिएर न जाडो, न गर्मीको वातावरण हुने भएकाले दशैंलाई उल्लासका साथ मनाउने प्रचलन छ। मीठो खाने, राम्रो लगाउने र मनोरंजन गर्ने फुर्सदिलो क्षण दशैंलाई मानिन्छ। नाता सम्बन्धलाई गाढा बनाउने तथा चिसिएको सम्बन्धलाई न्यानो बनाउने पारिवारिक तथा सांस्कृतिक अवसर पनि दशैंले नै प्रदान गर्दछ। तर दशैंको विशेषता र आकर्षणले भने सबै हिन्दुहरुलाई प्रफुल्लित बनाउने गर्छ। त्यस्ता केही विशेषताहरुको यहाँ चर्चा गरिएको छ।

मालाश्री धुन

गाउँघरमा मालाश्री धुन गुन्जिन थालेपछि दशैं आएको छनक पाइन्छ। घटस्थापनका दिनदेखि रेडियो, टिभीमा यो धुन बज्ने भएकाले वातावरण मनमोहक बनाउँछ। सितार, तानपुरा र तबलालगायतका बाजाहरूको सम्मिश्रणबाट बज्ने धुनले हर्ष र उल्लासको सन्देश दिइरहेको हुन्छ। त्यसबाहेक पञ्चेबाजा, मादल, सारंगी, मुरली लगायतका

बाजाहरुबाट पनि मालाश्री धुन निकाल्ने प्रचनल छ। वास्तवमा मालाश्री धुनलाई दशैं धुन पनि भनिन्छ। दशैंमा देवीको पुजा गरिने भएकाले देवीको गुनगानका लागि यो धुन बजाउने गरिएको ऐतिहासिक मान्यता रहेको छ।

नयाँ लुगा : दशैंमा नयाँ लुगा किन्ने र लगाउने चलन पुरानै हो। गाउँघरतिर नयाँ कपडा किनेर टेलर्सका सिलाउन दिने होडबाजी नै चल्छ। बर्षा सकिएर हिलोमैलो कम हुने र मौसम घमाइलो हुने भएकाले नयाँ कपडा फेर्ने चलन अनुसार नेपाली समाजमा पनि दशैंमा नै नयाँ लुगा किन्ने प्रचलन रहीआएको बताइन्छ। बालबालिकाहरुलाई नयाँ लुगा किनेर चिटिक्क पार्ने गरिन्छ। त्यसैले दशैंको समयमा नयाँ कपडाहरुको बजार चम्किन्छ।

मार हान्ने र बलि चढाउने

दशैंमा खसीबोका, भेडा च्याङग्राको बजार खुबै चम्किन्छ। किनकी बडौं दशैंको नवौं दिन आश्विन शुक्ल नवमीका दिन मनाइने महानवमी पर्वका दिन दुर्गा भवानीको पूजाआजा गरी बलि दिने चलन छ। कतिपयले यसैदिनलाई मार हान्ने दिनका रुपमा पनि स्वीकारिन्छ।

दसैंघर र कोतलगायत राज्यका विभिन्न देवी मन्दिर र शक्तिपीठमा बोका, हाँस, कुखुरा र राँगाको बलिसहित दुर्गा भवानीको विशेष पूजा आराधना र दुर्गा सप्तशती एव देवीस्तोत्र पाठ गरिन्छ। पशुबली नदिनेहरूले कुभिन्डो, घिरौंला, मूला, काँक्रो र जटा नरिवलसमेत बली दिई चढाउँछन्। तर प्रायजसो महाष्टमीको दिनमा बलि दिने र महानवमीका दिनमा मार हान्ने चलन छ। महानवमीका अवसरमा कोतहरूमा हर्षबढाईंका साथ कोतपूजा र निशानापूजा पनि गरिन्छ। घरमा मार हानेपछि मासुको परिकार बनाएर परिवारमा रमाइलो गर्दै खाने गरिन्छ। किनकी मांशाहारीहरुले दशैंमा मासु अनिबार्य मान्ने गर्छन्।

दशैंमा रातो वा सेतो टीका लगाउने र जमरा सिउरिने चलन छ। टीका र जमरा दशैंको मुख्य पहिचान पनि हो। मान्यजनबाट टीका थापेर घटस्थापनाको दिन विधिपुर्वक राखिएको जमरा टिपेर टीकाका साथ लगाउने गरिन्छ। टीका र जमरा अन्नवाट बनिने र दही पशुपालनको प्रतिक भएकोले यसलाई अहिले बैज्ञानिक ढंगवाट कृषि उपजको परिचय गराउने पर्वको रुपमा लिइने गरेको छ। मान्यजनले टीका लगाइदिदा सुख, शान्ति, समद्धि र वैभव प्राप्त हुने जनविश्वास छ। परिवारमा टीका लगाइ आफ्नो कुलकुटुम्ब र आफन्तजनसग समेत टीका लगाउन जाने परम्परा छ। यता धार्मिक दृष्टिकोणका अनुसार दैत्य महिशासुरहरुको अत्याचार सहन नसकी दुर्गा भवानीले कालीको रुप धारण गरेर उनिहरुलाई समाप्त पारेर विजय उत्सव मनाएको दिन भनेर विजय दशमीमा रातो टिका र जमरा लगाएको पौराणीक मान्यता छ।

आदिवासी जनजाति समुदायभित्र

सेतो टीका र जमरा लगाउने प्रचलन

दमक/ सेतो टीका कहिलेदेखि कसले लगाउन सुरु गरेको हो यस बारेमा अध्ययन भएको छैन । प्राय: आदिवासी जनजातिको चाडपर्वमा सेतो टीका लगाइन्छ । आदिवासीले शुद्धिको प्रतीकका रूपमा सेतो टीका लगाउँछन् । अधिकांश आदिवासी जनजातिले लगाउने सेतो टीकालाई थारूहरूले दसैं, तिहार तथा अन्य बेला देवीदेवतालाई लगाइदिने गर्छन् । पौराणिककालदेखि थारूले सेतो टीका लगाउने गरेका छन् । अचेल देखासिखीमा रातो टीका लगाउने गरिएको पनि देखिन्छ तर सेतो टीका नै थारू समुदायको प्राचीन संस्कार हो । आदिवासी जनजातिभित्र पर्ने थारू, नेवार, मगर, गुरुङ, राई, लिम्बूलगायतका आदिवासीले सेतो टीका लगाउने गरेको हामी देख्न सक्छौं ।

दशैंमा कतिपय आदिवासी जनजाति समुदायभित्र सेतो टीका र जमरा लगाउने प्रचलन छ । आदिवासी जनजातिहरुको हरेक शुभ कार्य गर्दा दहीमा चामल मुछेर सेतो टिका लगाउने चलन भएकाले दशैंमा सेतै टीका लगाउने परम्परा छ । कतिपय आदिबासीहरुले दशैंका दिन नै आफ्नो अधिकार खोसिएकाले रातो टीका बहिस्कार गरेर सेतो लगाउन थालिएको बताएका छन् । यद्यपी, पशुपालन र कृषी पेशा गरेर बस्ने पहाडी मुलका आदिवासी जनजातिहरुले परापूर्व कालदेखि नै दहीमा चामल मुछेर सेतो टीका लगाउने चलन चलाएको भनाइ पनि छ । सेतो टीकासँग पहँलो जमरा लगाउने चलन छ । यसको बैज्ञानिक र प्राकृतिक कारण पनि रहेको बताइन्छ ।

दक्षिणा र आशीर्वाद

दशैंमा मान्यजन र आफन्तहरुकामा पुगेर टीका लगाउने चलन छ । टीका लगाउँदा आर्शिवाद दिने गरिन्छ । टीका लगाउँदा दिने आर्शिवाद दशैंको भिन्नै हुन्छ । मान्यजनहरूले संस्कृत भाषामा भएको 'आयुद्रोणसुते..' भट्याएर उमेर र पेशाअनुसारको आशीर्वाद दिने गरिन्छ ।

टीका जमरा र आशीर्वादसँगै मावली, बुढो मावली, ससुरालीका मान्यजनबाट प्राप्त भएको दक्षिणाको महत्व पनि ठूलै हुन्छ । टीका ग्रहण गर्न जानेहरुले साथमा फलफुल, मिठाइ, कपडालगायतको कोशेली लाने चलन छ । त्यसैले दशैंमा नयाँ नोट सटहीका लागि बैंकहरुले समय र सिमा नै निर्धारण गर्ने गर्छन् ।

मनोरञ्जन

लिङ्गे र रोटे पिङ, चंगा चेट

दमक/ गाउँघरतिर मात्र होइन शहरबजार तिर पनि दशैं आउनुपूर्व नै पिङ लगाउने चलन बढ्न थालेको छ । गाउँघरतिर पाखाबारीमा भएका बाबिया काटेर सुकाउने अनि डोरी बाट्ने र सबैलाई पाएक पर्ने स्थानमा लिङ्गे पिङ लगाउने चलन छ । हिजोआज शहरतिर पनि पैसा उठाएर पिङ लगाउने चलन बढेको छ । विजयादशमीको दिन मान्यजनको हातको टिका लगाएर केहीक्षण भएपनि धर्ती छोड्नुपर्ने लौकिक विश्वासका कारण पिङ खेल्ने प्रचलन छ । पहिले पहिले काठको रोटेपिङ हाल्ने चलन रहेपनि हाल भने यो विस्तारै लोप हुन थालेको छ ।

चंगा चेट

दशैंमा चङ्गा उडाएर रमाइलो गर्ने परम्परा पुरानै हो । विशेष गरेर शहर बजारमा चङ्गा उडाएर दशैंको धुमधाम स्वागत गरिन्छ । पहिले पहिले नेपाली कागजको प्रयोगबाट बनेको हाते चङ्गा उडाइथ्यो । खुल्ला चौर, कौशी तथा घरको छतमा उभिएर चङ्गा चेटको मज्जा लिने चलन छ । उहिले भन्दा अहिले चङ्गा उढाउने प्रचलन बढ्दै गएको छ ।

शरद ऋतुको सुरुवातीमा पश्चिबाट सरर हावा चल्ने भएको हुँदा चाडबाडको मौसम चङ्गा उडाउनका लागि उपयुक्त हुन्छ । दशैंका बेला चंगा उढाउने प्रतियोगिता नै हुन्छ । उहिले आकाशमा चंगा उडायो भने वरुण देवताले पानी पार्छन र धान विग्रन्छ भनेर बुढापाकाले उढाउन दिदैन थिए । यद्यपी, दशैंको मौसम उपयुक्त हुने भएकाले रमाइलोका लागि चंगा उढाउने चलन चलेको मानिन्छ ।

किम्वदन्ती अनुसार उसबेला नेपालबाट उडाएको चङ्गा तिब्बतको केरुङ्गसम्म पुग्दथ्यो । केरुङमा बसेका गोर्खाली सेनालाई गोप्य सुचना प्रवाह गर्न चङ्गामा लेखेर पठाइथ्यो । नेपालबाट उढाएको चङ्गा हिमालपार भएपछि केरुङ पुग्ने विश्वास गरिन्थ्यो । संचारको विकास नभएका कारण चङ्गाको माध्यमले सुचना आदनप्रदान गरिन्थ्यो । उसबेला हस्तकलामा निपूर्ण व्यक्तिहरुले बाँसका पातलो सुइराहरुमा नेपाली कागजमा टाँसेर चङ्गा बनाउँथे । नेपाली कागजमा सुचना लेख्न पनि सजिलो हुन्थ्यो ।

दसैंमा के-के खाने, कसरी खाने ?

✍ डा. प्रणिती सिंह

दसैं भन्नेवित्तिकै मिठो खाने र राम्रो लाउने चाड भन्ने आमबुझाइ छ । त्यसैले दशैंमा आ-आफ्नो गच्छेअनुसार सबैका घरमा नयाँ लुगा लगाउने र मिठो परिकार पाक्ने गर्छ । दशैंमा सबैभन्दा बढी खपत मासुकै हुन्छ । हुनेखानेका घरको चुल्होमा मात्र नभएर हुँदा खानेहरुले पनि ऋण नै काढेर भए पनि मासुको स्वाद लिन्छन् दसैंमा । यो चाडमा अधिकांश नेपालीको भान्सामा खसीको मासु पाक्छ । त्यसका अलावा कुखुराको मासु र माछा पनि अत्यधिक प्रयोग हुन्छ। मासुमा अत्यधिक मरमसाला र चिल्लोको प्रयोग गरी पकाउनुका साथै अमिलो-पिरो खानेकुरा पनि उति नै पाक्ने गर्छ ।

दसैंमा १० पटक खानुपर्छ भन्ने मान्यता छ, त्यसैले अन्य बेलामा भन्दा बढी खानेकुरा पाक्छन् । दसैंमा मासुका विभिन्न परिकार बनाई बिहान, दिउँसो र साँझ मुख्य परिकारका रुपमा खाने प्रचलन छ। स्न्याक्समा पनि मासुकै प्रयोग बढी हुन्छ ।

दसैंका बखत कार्यालयका साथै शिक्षण संस्थाहरु पनि बन्द हुने भएकाले सबै फुर्सदमा हुन्छन् । दसैंमा घरमै बसी परिवारका साथमा होस् या साथीभाइ आफन्तसँग मदिराजन्य पदार्थको सेवनसँगै जुवातास खेल्ने, टिभी हेर्ने, साथी जम्मा भएर गफ गरेर समय बिताउँने चलन छ । शारीरिक कसरत कम हुने र खाना पनि चिल्लो र मसालायुक्त हुन्छ, जसले गर्दा मोटोपन बढाउने र दीर्घ रोगीहरुलाई रोग बल्झने सम्भावना प्रवल हुन्छ ।

मधुमेह, उच्च रक्तचाप भएका बिरामीले यस्तो खानेकुरा खाँदा रोग बढ्ने र फ्याटिलिभर बढ्ने गर्छ । साथै निरोगी मानिस पनि आफ्नो वजन बढी भई वा अन्य दीर्घरोग लागेर अस्पताल धाउने गर्छन् चाडबाड सकिनासाथ ।

दसैंमा अत्यधिक रातो मासुको प्रयोग गर्नाले युरिक एसिडका बिरामी बढ्ने गर्छन् । यसको मुख्य कारण भनेको चाडबाडमा अन्य बेलाको भन्दा बढी खानेकुरा खाने तर आफ्नो स्वास्थ्यको ख्याल नराख्नु नै हो ।

चाडबाडमा रमाइलो गर्नुपर्छ, मिठो खानुपर्छ तर मिठो खाने भन्दैमा अत्यधिक मात्रामा माछा, मासु, मैदाले बनेका परिकार र चिनीबाट बनेका खानेकुरा खानु हुँदैन । दसैंमा मासु खानै हुँदैन भन्ने होइन, तर सन्तुलन मिलाएर खानुपर्छ। त्यसो भयो भने कुनै समस्या हुँदैन ।

सन्तुलित भोजनले स्वास्थ्यलाई फाइदा गर्छ । जस्तै: एक दिन कुखुराको मासु खाने, अर्को दिन माछा खाने र खानामा मौसमी सागसब्जीको उपभोग गर्न सकिन्छ। यसरी खाना खाएमा निरोगी हुन मद्दत गर्छ। १० पटक खाने भनेर जति बेला पनि मासु खानैपर्छ भन्ने मान्यता गलत हो। फलफूल, सलाद, भटमास साँदेर पनि खान सकिन्छ । आफ्नो शरीरले मागेको जति खानेकुरा खाएर पनि चाडबाड मनाउन सकिन्छ ।

चाडबाडमा मासुसँगै मौसमी फलफूल र सागसब्जीलाई भान्सामा समावेश गर्न सकियो भने मासु राम्रोसँग पचाउन मद्दत गर्छ र रोगबाट बच्न सकिन्छ ।

खानामा दैनिक रुपमा फलफूल समावेश गर्न सकियो भने भिटामिन र मिनिरल प्रशस्त मात्रामा पाउन सकिन्छ । मासुलाई उसिनेर राम्रोसँग छाला निकालेर थौरै तेलमा पकाएर खानु स्वास्थ्यकर हुन्छ । दसैंमा खानाका साथसाथै स्वास्थ्यको पनि ख्याल राख्नुपर्छ। दैनिक आधा घन्टा आफ्नो लागि समय निकालेर शारीरिक कसरत गर्नाले रोग नियन्त्रण हुनुका साथै खाना पच्न मद्दत गर्छ । *(डा सिंह पोषणविद् हुन्)*

पहिले तीन/तीन महिनामा दशैं मनाइन्थ्यो

✍ दिनेशराज पन्त

परापूर्व कालदेखि नै दशैं शरद ऋतुमा मनाउने चलन रहिआएको छ । प्राचीन कालमा शासकहरुले दशैंको दिन दुर्गाको आराधना र पूजापाठ गरेर आफ्नो विजयी यात्रा प्रारम्भ गर्ने गरेको उल्लेख गरिएको पाइन्छ । नेपालको परिप्रेक्ष्यमा रहेर कुरा गर्दा लिच्छवीकालदेखि नै दशैं मनाइने गरेको अभिलेखहरुमा पाउन सकिन्छ । आज भन्दा साढे छ सय वर्ष अगाडि पृथ्वीराज मल्लको पालामा लेखिएको गोपालराज वंशावलीमा दशैं मनाइने गरेको उल्लेख गरिएको छ । यो कुरा हामीले दाबी गरेर भन्न सकिने कुरा हो ।

हामीले असोजमा बडा दशैं मनाउँछौं र चैतमा चैते दशैं । तर प्राचीनकालमा असार महिनामा र पुस महिनामा पनि दशैं मनाउने गरिन्थ्यो । अर्थात हरेक तीन तीन महिनामा दशैं मनाउने गरिन्थ्यो । हामीले चण्डी पाठ गर्दा देवीले असुरहरुको संहार गरेको कुरा त्यसमा उल्लेख गरिएको छ । जसले खराब कुरालाई हटाइ राम्रा कुरालाई स्वीकार्नु पर्दछ भन्ने अर्थ दिन्छ । यो चलन नेपालको पूर्व मध्यकालीन समयसम्म बाँकी थियो ।

बिस्तारै नेपाल राज्य टुक्रिँदै गयो । त्यसपछि नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ५२ वटा भन्दा बढी राज्यको स्थापना भयो । यी राज्यहरुमा काठमाण्डौ, पाटन र भक्तपुर जस्ता ठाउँ उपत्यकाभित्रका राज्य भए ।

ती सबै राज्यहरुमा आफ्नै ढङ्गले दशैं मनाइने उल्लेख गरिएको पाइन्छ । दशैंको अवसरमा गोरखाका राजाले काठमाण्डौका राजासँग मित लगाएको पनि किंवदन्ती छ । यसरी नै मित्र मिलन गर्ने, परिवारसँग मिलन गर्ने गरी दशैं मनाउने चलन थियो । नेपालको परिप्रेक्ष्यमा सम्पूर्ण जातजाति सबैको साझा चाडपर्वको रुपमा दशैंलाई हेरिने गरिन्छ । त्यसैले हरेक जातजाति समुदायले हर्षोल्लासका साथ दशैं मनाउने गरेका छन् ।

आजभन्दा ६ हजार वर्ष पहिला सिन्धुघाटीको सभ्यता देखिनै दशैं सुरु भएको अनुमान गरिन्छ । सिन्धुघाँटीका कुराहरु पनि विद्वानहरूले कल्पना गरेका हुन । कतिपय कुराहरु खुलि पनि सकेका छन् । तर कति अझै खुल्न सकेका छैनन् ।

प्राचीनकालमा राजाहरुले देवीको आराधना गरेर शक्ति सञ्चय गर्ने र विजययात्राको आरम्भ गरेको पाइन्छ । दशैंमा दु:ख परेकाहरु, निमुखाहरुको संरक्षण गर्ने, दुष्टहरुको थिचोमिचोलाई हटाउने चाडको रुपमा यसको महत्त्व रहेको छ ।

आजभोलि परिस्थिति अनुसार आ-आफ्नो ढङ्गले दशैं मनाउने गरिन्छ । एउटा घरमा मनाउने तरिका अर्को घरमा मिल्दैन । दशैं मनाउने तरिका फरक भए पनि यसको मूल तत्वमा फरक परेको छैन । घर, समुदाय र ठाउँ अनुसार दशैं मनाउने तरिका फरक भए पनि दशैंमा शक्तिको पूजा गर्ने, शक्तिको सञ्चय गर्ने गरी त्यसको सुरुवात भएको हो ।

दशैंमा किसानहरुलाई सबै कामबाट फुर्सद हुने गर्दछ । समयको हिसाबले शरद ऋतुमा सबै खेतीपातीको काम सकिने हुँदा यो बेला दशैं मनाउने गरिन्छ । हाम्रो पुरानो परम्परा अनुसार हाम्रा चारवटा चाडलाई फरक फरक समुदायका जातजातिले मनाउने गर्दथे ।

जसमा जनैपूर्णिमा ब्राह्मणले मनाउने, दशैं क्षेत्रीले मनाउने, तिहार वैश्यले मनाउने र फागु सुद्रले मनाउने गरिन्थ्यो । नेपालका हरेक मानिससँग सबै कुरा मिल्दैन । तर जति मिल्छ त्यहाँसम्म सहकार्य गर्ने हो । पहिलेको समयको कुरा गर्दा मिठो खान र नयाँ लुगा लगाउन दशैंसम्म कुर्नु पर्दथ्यो । तर अहिले नयाँ लुगा लगाउन र मिठो खान दशैं कुर्नु पर्दैन । नेपालीहरु पहिले कम रमाइलो गर्थे र धेरै बचत ।

तर अहिले चाहिने भन्दा पनि बढी पैसा खर्च गर्ने गरेका छौं । पैसा कमाउन धेरै गाह्रो छ । तर मानिसहरु यसलाई सानो कुरा सम्झन्छन् ।

पहिले बाउबाजेका पाला दशैंमा आधा महिनाको पेस्की आउँथ्यो । त्यो आधा महिनाको दशैं पेस्की पनि असोजदेखि कात्तिकसम्मको काटिएर आउने गर्दथ्यो । त्यस समयमा धेरैले पैसा भए/नभए पनि मिठो खाने र राम्रो लाउने गर्दथे । जागिर नखानेहरुले पनि दशैंको बेला जसोतसो मिठो खान राम्रो लाउन पैसाको जोहो गर्ने पर्ने हुन्थ्यो ।

काठमाण्डौको न्युरोडका गल्लीहरुमा रातो माटो र सेतो कमेरोले घर सजाउने गरिन्थ्यो । बडा दशैंको नाम अनुसार ऋण धन गरेर यो बेलामा आनन्द लिने प्रष्टै देखिन्थ्यो । पहिला दरबार मार्गका रेष्टुरेन्टहरुमा विदेशीहरु नै धेरै हुने गर्दथे । तर अहिले अधिकांश नेपालीहरु मात्र देख्न सकिन्छ । किनकि धेरैको आम्दानी बढेको पनि छ । उनीहरुको खर्च गर्ने मन पनि बढेको छ । क्षमता पनि बढेको छ । त्यस बेलाका मानिसहरुले सकेसम्म ऋण लिँदैनथे । ऋण लिएपछि आफू फसिन्छ भन्ने थियो ।

पृथ्वीनारायण शाहको पालादेखि अहिलेसम्म आउँदा राजाहरुले कुमारीको हातबाट दशैंको टीका लगाउने प्रचलन छ । अहिले पनि शासकहरु र राष्ट्रपतिले पनि यो चलन कायमै राखेका छन् । उच्च मध्यम वर्गीय मानिसहरुलाई पनि नयाँ लुगा लगाउन समस्या हुने गर्दथ्यो । पुराना लुगा उल्टो पारेर लगाउने चलन थियो ।

पैसा नहुनेहरुले पनि खोजखाज गरेर दशैं मनाउने गर्दथे । भएका मानिसले पनि अरुबेला खर्च नगरि दशैंमा खर्च गर्ने गर्दथे । दशैं आउँदा मात्र मिठो खान पाइन्थ्यो र राम्रो लगाउन पाइन्थ्यो । थोरै भए पनि गोजीमा पैसा हुन्थ्यो । दशैं आएपछि मात्र छुट्टै रमाइलो हुने गर्थ्यो । त्यति बेला दशैंको धेरै महत्त्व थियो ।

हिजोआज मानिसहरुलाई धेरै सहज हुने गरेको छ । पैसाको समस्या हुनेहरुले कतैबाट जोहो गरेर दशैं मनाउने गर्छन । पहिला जस्तो धेरै समस्याहरु हुँदैनन् । सहज तरिकाले दशैं मनाउन सकिन्छ । दशैं मनाउने तरिकामा केही फरक भए पनि दशैंको महत्त्व अझै पनि उत्तिकै छ ।

६ लाख ८८ हजारको आँखा परीक्षण

मोरङ/ विराटनगर आँखा अस्पतालले एक वर्षमा ६ लाख ८८ हजार ४४६ जनाको आँखा परीक्षण गर्नुका साथै ६९ हजार ९३७ जनाको सफल शल्यक्रिया गरेको छ ।

अस्पतालको २०औँ वार्षिकोत्सवका अवसरमा सार्वजनिक वार्षिक प्रगति विवरणअनुसार उपचार सेवासँगै ग्रामीण क्षेत्रका बासिन्दा, बालबालिका र विपन्न समुदायसम्म आँखा स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ ।

अस्पतालले विद्यालयमा सञ्चालन गरेको आँखा परीक्षण कार्यक्रममार्फत यस वर्ष २६९ विद्यालयका ४६ हजार ८३६ बालबालिकाको आँखा जाँच गरेको छ । परीक्षणका क्रममा दृष्टिसम्बन्धी समस्या देखिएका बालबालिकालाई नि:शुल्क चस्मा र औषधि तथा सहुलियत दरमा शल्यक्रिया सेवा उपलब्ध गराइएको अस्पतालले जनाएको छ । 'उज्यालो दृष्टि, उज्ज्वल भविष्य' नारासहित आयोजित वार्षिकोत्सव समारोहका प्रमुख अतिथि प्रा. डा. चेतराज पन्तले सामान्य परीक्षणदेखि विशेषज्ञ उपचार र जटिल शल्यक्रियासम्मका सेवा विस्तार गरेर अस्पतालले पूर्वी नेपालमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए ।

विशिष्ट अतिथि सिबिएम युएसएकी प्रतिनिधि टेरेसा बैरडले आँखाका रोग समयमै पहिचान गरी दृष्टि गुम्ने जोखिम न्यूनीकरण गर्नुपर्नेमा जोड दिइन् । उनले उपचार सेवाबाट वञ्चित समुदायसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न पनि आग्रह गरिन् ।

आईएसओ ९००१:२०१५ गुणस्तर प्रमाणपत्र प्राप्त अस्पतालमा बालमैत्री जाँच कक्ष, अपाङ्गतामैत्री पूर्वाधार, आधुनिक शल्यक्रिया कक्ष र कन्ट्याक्ट लेन्स उत्पादनलगायतका सुविधा छन्। अस्पतालले उपचार सेवाका अतिरिक्त स्नातकोत्तर आवासीय कार्यक्रम, दृष्टिविज्ञान तथा उपविशेषज्ञ फेलोसिपमार्फत दक्ष जनशक्ति उत्पादनमा पनि काम गर्दै आएको छ ।

आज मिति
२०८३ साल
असोज २८ गते
बुधबार
14 Oct. 2026
तिथि: चतुर्थी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	धन वा धातु संग्रह गर्न सकिएला। जटिल काम बन्नाले उत्साह ।
वृष	इ उ ए ओ वा वि वु वे वो	नोकरी वा पेशामा सहकर्मीहरू बाट सहयोग पाइनेछ।
मिथुन	का कि कु घ ङ छ के को हा	महत्वकांक्षी योजनाहरू सम्पादन गर्नमा पिताको सल्लाह लिनुहोस।
कर्कट	(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)	सेवामूलक कार्यक्षेत्रमा प्रगति हुनेछ। मनमा खुशी ।
सिंह	मा मि मु मे मो टा टि टु टे	पारिवारिक समस्यालाई पनि प्राथमिकता दिनुहोस्।
कन्या	टो प पी पँ ष ण ठ पे पो	धर्म कर्मतर्फ रुचि बढ्नेछ। युवावर्गहरूले प्रेम प्रसंग चल्ने ।
तुला	(रा, रि, रु, रे, रो, ता, ति, तु, ते)	धार्मिक र सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भइएला।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	आर्थिक पक्ष सबल रहनेछ। आजको शुभ रंग रातो र शुभ अंक ६ रहनेछ।
धनु	य यो भा भी भ धा फा ढ भे	कार्यक्षेत्रमा सहयोगीहरूको भनेजस्तो सहयोग नमिल्ला।
मकर	भो जा जी खि खू खे खो गा गी	दाम्पत्य जीवनमा तालमेलको कमीले कार्यमा बाधा आउनेछ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	आत्मबलमा वृद्धि हुनेछ। आर्थिक दृष्टिकोणले समय लाभदायक छ।
मीन	दि दु थ झ ञ दे दो चा ची	साहित्य वा लेखन कलामा निखार ल्याउन सक्नुहुनेछ।

दमकबाट सुरू, बुद्धशान्तिमा ....

अन्तरक्रिया गर्दै संगठनभित्र देखिएका समस्या, जिम्मेवारी बाँडफाँट र पार्टीका गतिविधिलाई जनतासँग जोड्ने उपायबारे सुझाव संकलन गरिएको आयोजक पक्षले जनाएको छ ।

अभियानमा रास्वपाका केन्द्रीय सदस्य, प्रतिनिधिसभा सदस्य तथा कृषि तथा प्राकृतिक स्रोत समितिका सभापति अशोककुमार चौधरीले संगठन सुदृढीकरणसँगै नयाँ नेतृत्व उत्पादन र महिला सहभागिता अभिवृद्धिलाई प्राथमिकतामा राख्न नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन्। उनले पार्टी बलियो बनाउन संगठन विस्तार मात्र पर्याप्त नहुने भन्दै सक्षम व्यक्तिहरूलाई नेतृत्वमा ल्याउने र नयाँ नेतृत्व विकास गर्ने संस्कार स्थापित गर्नुपर्नेमा जोड दिए ।

चौधरीले समाजमा उल्लेखनीय योगदान पुर्‍याएका प्रतिष्ठित व्यक्तित्व, सक्षम तथा जनतामाझ स्थापित व्यक्ति र हालसम्म कुनै राजनीतिक दलमा सक्रिय नरहेका तटस्थ व्यक्तिहरूलाई पार्टीसँग जोड्न पहल गर्न आग्रह गरे । व्यक्तिगत महत्वाकांक्षाभन्दा सामूहिक उद्देश्य, जिम्मेवारीबोध र संगठनप्रतिको प्रतिबद्धता महत्वपूर्ण हुने उनको भनाइ थियो ।

'हामी पार्टीमा म बन्न आएको होइन, हामी बन्नुपर्छ, यो देश बन्नुपर्छ र यो प्रदेश बन्नुपर्छ भन्ने उद्देश्यले आएका हौँ,' चौधरीले भने, 'पार्टी बलियो बनाउन नेता बन्ने मात्र होइन, नयाँ नेता जन्माउने र नेतृत्व विकास गर्ने संस्कार पनि आवश्यक छ ।'

अभियानका क्रममा पार्टीका नीति, योजना र प्राथमिकताबारे स्थानीय तहसम्म स्पष्ट जानकारी पुर्‍याउनुपर्ने विषयमा समेत जोड दिइएको थियो ।

स्थानीय नेता तथा कार्यकर्ताले उठाएका गुनासा र सुझावलाई सम्बोधन गर्दै संगठनलाई थप व्यवस्थित र जनमुखी बनाउने विषयमा छलफल भएको जनाइएको छ। आगामी निर्वाचनका लागि सम्भावित उम्मेदवारको तयारी र स्थानीय नेतृत्वको भूमिकाबारे पनि विचार आदानप्रदान गरिएको थियो ।

पार्टीमा महिलाको सहभागिता अपेक्षाकृत न्यून रहेको विषय उठाउँदै चौधरीले सबै तहमा महिलाको अर्थपूर्ण सहभागिता बढाउन समयसीमासहित कार्ययोजना बनाउन निर्देशन दिएका छन् । महिलालाई संगठनमा सहभागी गराउनुका साथै नेतृत्वदायी जिम्मेवारी र निर्णय प्रक्रियामा समेत प्रभावकारी भूमिका दिनुपर्ने उनको भनाइ थियो । अभियानमा रास्वपाकी केन्द्रीय सदस्य शोभा कार्कीको पनि सहभागिता रहेको थियो ।

दमकबाट सुरू भई बुद्धशान्तिमा सम्पन्न अभियानले केन्द्रीय नेतृत्व र स्थानीय संगठनबीच प्रत्यक्ष संवादको अवसर प्रदान गरेको आयोजक पक्षको भनाइ छ । अभियानका क्रममा संकलित सुझावलाई आगामी संगठनात्मक गतिविधिमा समेट्ने, नयाँ व्यक्तिहरूलाई पार्टीसँग जोड्ने, नेतृत्व विकास गर्ने र महिला सहभागिता बढाउने विषय अब पार्टीका लागि महत्वपूर्ण कार्यभार बनेका छन् । अभियानको वास्तविक प्रभावकारिता भने उठेका विषयलाई व्यवहारमा कार्यान्वयन गर्न पार्टीले चाल्ने आगामी कदमबाट स्पष्ट हुने देखिन्छ ।

सच्याइएको

मिति २०८३ असोज २७ गते दमक नगरपालिकाबाट प्रकाशित

'नदी /खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना सम्बन्धी सूचना'मा क्र.सं. ३ मा **दमक र मिक्लाजुङ** मात्र हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०६ बस्ने दुर्गा तुम्साको नाममा दर्ता कायम रहेको मधुमल्ला-५/ङ मा भएको कि.नं. ३०५३ज.वि. ०-०-७-२ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतरतर्फ सँधियार सुकमाया तामाङ उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भई जाने व्यहोरा जानकारी गराइन्छ ।

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- **चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,**
- **देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,**
- **आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,**
- **खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,**
- **खाना तथा अन्य सामग्री खेर नफालौं,**
- **मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,**
- **चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।**

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३।०५।२८

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३।०६।२३ मा स्विकृती प्राप्त भई साविक कम्पनी रविन एण्ड निर्जल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.२०१७३०/०७५/०७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको सि.के. बिल्डर्स प्रा.लि. अंग्रेजीमा C.K. Builders Pvt. Ltd. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

दमक क्याम्पस....

समितिको प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो । सो प्रतिवेदनका अनुसार प्राध्यापकहरूमा ५ जना पिएचडी र ३ जना एमफिल गरिसकेका छन भने ८ जना प्राध्यापकहरू पिएचडी र ५ जनाले एमफिल गर्दै गरेको अवस्था देखाइएको छ ।

दमक बहुमुखी क्याम्पसमा विद्यार्थी संख्या एक वर्षमा २८० ले बढेको प्रतिवेदनमा उल्लेख छ । क्याम्पसको पूँर्ण क्याम्पससभामा प्रस्तुत शैक्षिक तथा आर्थिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/०८२ मा ४ हजार १६१ विद्यार्थी रहेकामा २०८२/०८३ मा यो संख्या बढेर ४ हजार ४४१ पुगेको हो । यो अघिल्लो वर्षको तुलनामा ६.७३ प्रतिशत वृद्धि हो ।

क्याम्पसले आगामी शैक्षिक सत्र २०८३/०८४ मा भने विद्यार्थी संख्या ४ हजार ३०० रहने अनुमान गरेको छ । यो चालु शैक्षिक सत्रको तुलनामा १४१ अर्थात् करिब ३.१८ प्रतिशत कम हो । प्रतिवेदनअनुसार विद्यार्थी संख्या बढे पनि शैक्षिक नतिजामा अपेक्षित सुधार गर्नु क्याम्पसको प्रमुख चुनौतीका रूपमा रहेको छ ।

विद्यार्थी संख्याको विवरणअनुसार आर्थिक वर्ष २०८१/०८२ मा वार्षिक प्रणालीतर्फ २ हजार ४८५, सेमेस्टर प्रणालीतर्फ ९२८ र कक्षा ११ तथा १२ मा ७४८ विद्यार्थी थिए । २०८२/०८३ मा वार्षिक प्रणालीतर्फ २ हजार ७९७, सेमेस्टर प्रणालीतर्फ ९६४ र कक्षा ११ तथा १२ मा ६८० विद्यार्थी रहेको प्रतिवेदनमा उल्लेख छ । आगामी वर्ष वार्षिक प्रणालीतर्फ २ हजार ७५०, सेमेस्टर प्रणालीतर्फ ७५५ र कक्षा ११ तथा १२ मा ७९५ विद्यार्थी रहने अनुमान गरिएको छ ।

२०३८ सालमा ४४० विद्यार्थीबाट सुरू भएको क्याम्पसमा हाल व्यवस्थापन, मानविकी, शिक्षा र विज्ञान संकायअन्तर्गत विभिन्न तहका शैक्षिक कार्यक्रम सञ्चालनमा छन् । प्रतिवेदनअनुसार क्याम्पसबाट हालसम्म २३ हजार ५०० भन्दा बढी विद्यार्थीले विभिन्न तहको अध्ययन पूरा गरिसकेका छन् ।

विद्यार्थीलाई उच्च शिक्षामा पहुँच विस्तार गर्न क्याम्पसले छात्रवृत्ति तथा सहुलियतका कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०८२/०८३ मा लक्षित समुदायका विद्यार्थीलाई ५१ लाख २४ हजार ४०० रूपैयाँ बराबरको छात्रवृत्ति प्रदान गरिएको प्रतिवेदनमा उल्लेख छ । गरिब, जेहेन्दार, दलित, जनजाति तथा अवसरबाट वञ्चित विद्यार्थीलाई सहुलियत उपलब्ध गराउने नीति पनि क्याम्पसले अवलम्बन गरेको छ ।

भौतिक पूर्वाधारतर्फ विश्वविद्यालय अनुदान आयोग र क्याम्पसको साझेदारीमा करिब आठ करोड रूपैयाँ बराबरका विभिन्न कार्यक्रम सञ्चालन गरिएको प्रतिवेदनमा उल्लेख छ । कक्षाकोठामा एसी, स्मार्ट बोर्ड तथा टेलिभिजन जडान, प्रयोगशाला सुधार, फर्निचर व्यवस्थापन र ई(लाइब्रेरी विस्तारलाई प्राथमिकता दिइएको छ । प्रदेश सरकारको तीन करोड रूपैयाँ अनुदान सहयोगमा सुविधासम्पन्न पुस्तकालय भवन निर्माणको कामसमेत भइरहेको छ ।

अनुसन्धानतर्फ गत शैक्षिक सत्रमा १९ वटा लघु अनुसन्धान सम्पन्न भएका छन् भने क्याम्पसले नियमित रूपमा प्रकाशन गर्दै आएको जर्नलका १४ अंक प्रकाशित भइसकेका छन् । आगामी दिनमा क्याम्पसलाई शैक्षिक परामर्श तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

विद्यार्थी संख्या, पूर्वाधार र अनुसन्धानका क्षेत्रमा प्रगति देखिए पनि उत्तीर्ण प्रतिशत र प्राप्तांक बढाउने, आर्थिक अवस्था सुदृढ गर्ने, प्राध्यापक तथा कर्मचारीलाई समयानुकूल पारिश्रमिक उपलब्ध गराउने र विद्यार्थीका लागि छात्रावास निर्माण गर्ने चुनौती बाँकी छन् । त्यसैले विद्यार्थी सत्त्या बढाउनुसँगै शिक्षणको गुणस्तर र नतिजा सुधारमा जोड दिनुपर्ने देखिन्छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष ढुण्डीराज भण्डारीको अध्यक्षतामा आयोजित सो कार्यक्रममा दमक नगरप्रमुख रामकुमार थापाले प्रमुख आतिथ्यता ग्रहण गरेका थिए । क्याम्पसको सभाहलमा आयोजित सो कार्यक्रममा संविधान सभा सदस्य महेन्द्रा कुमारी सुब्बा, पूर्व तथा वर्तमान कोशी प्रदेशका सभा सदस्यहरू, क्याम्पसका पूर्वअध्यक्षहरू, पूर्व क्याम्पस प्रमुखहरू, स्वतन्त्र विद्यार्थी युनियन, कर्मचारी संघ, कर्मचारीहरू, विभिन्न संघसंस्थाका प्रतिनिधी, जनप्रतिनिधि, विद्यार्थीलगायतको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

प्रदेशलाई...बुँदाहरु कार्यान्वयन नभएको भन्दै उनीहरूले अब सातै प्रदेशका मुख्यमन्त्री र प्रशासनिक नेतृत्व काठमाडौँ गएर प्रधानमन्त्रीसमक्ष निर्णायक डेलिगेसन जाने घोषणा गरेका छन् । सम्मेलनमा वित्तीय संघीयता प्रभावकारी बनाउनुपर्ने, साना आयोजनामा संघको हस्तक्षेप रोकिनुपर्ने, ट्राफिक जरिवाना र रोयल्टी रकम प्रदेशमै आउनुपर्ने माग उठाइएको छ । साथै, जलवायु संकट र लागूऔषध दुर्व्यसनलाई राष्ट्रिय विपद्का रूपमा सम्बोधन गर्दै एकीकृत विपद् ब्यवस्थापन कोष स्थापना गर्नुपर्नेमा जोड दिंदै सम्मेलनले ठोस साझा घोषणापत्र जारी गर्ने तयारी गरेको छ ।

दशैं...विशेष सुरक्षा योजना लागु गरेको छ । दशैं, तिहार, छठलगायत पर्वलाई लक्षित गरी देशभर चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागु गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेले बताए ।

चाडपर्वमा हुनसक्ने ठगी, चोरी, डकैती, लुटपाट, जुवातास, अनलाइन ठगी, बेटिङ, नक्कली नोटको कारोबार, अवैध हुण्डी कारोबार लगायतका आपराधिक गतिविधिहरु बढ्न सक्ने विश्लेषण गरी सोही अनुसारको सुरक्षा रणनीति बनाइएको छ ।

खुला सीमानाकाहरूबाट अवैध हातहतियार, पटका, विस्फोटक पदार्थ, लागुऔषध लगायतको ओसारपसार तथा तस्करी नियन्त्रणमा समेत विशेष सुरक्षा व्यवस्था मिलाइएको प्रहरीले बताएको छ ।

चाडपर्व लक्षित सुरक्षा योजनाअन्तर्गत काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीलगायत ७ वटै प्रदेश प्रहरी कार्यालयहरूबाट ५० हजार ४५८ जनशक्ति परिचालन हुने प्रवक्ता काफ्ले बताउँछन् ।

दशैं....८८६ र थानकोट नाकाबाट ५६ यात्रु बाहिरिएका छन् ।

दसैं मनाउन घर फर्किने यात्रुको संख्या बढेसँगै सार्वजनिक यातायात ब्यवस्थापनमा चुनौती थपिएको छ । नेपाल यातायात ब्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतमले सडकको अवस्थाका कारण यातायात ब्यवस्थापनमा समस्या भइरहेको बताए ।

अधिकांश....दिंदै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीका प्रमुख डाक्टर मनोज कुमार महतोले इनरूवा बजारमा ९० प्रतिशतसम्म अस्वस्थ तथा गुणस्तरहीन मासु र दूध उत्पादन तथा बिक्री-वितरण भइरहेको अवस्था पाइएपछि अनुगमन टोलीले पसल सञ्चालकहरूलाई तत्काल सुधार गर्न कडा सुझाव र निर्देशन दिएको बताए ।

अन्तर्राष्ट्रिय

भारतमा गुट्खा र पान मसला बेच्न प्रतिबन्ध

भारत/ नेपालसँग सीमा जोडिएको भारतको उत्तराखण्ड राज्यले जनस्वास्थ्यलाई मध्यनजर गर्दै सुर्ती तथा निकोटिनयुक्त गुटखा, पान मसला र अन्य खाद्य पदार्थहरूको उत्पादन, भण्डारण, वितरण र बिक्रीमा एक वर्षका लागि पूर्ण प्रतिबन्ध लगाएको छ । खाद्य सुरक्षा एवं औषधि प्रशासनका आयुक्त विनय शंकर पाण्डेयद्वारा जारी आदेशअनुसार यो प्रतिबन्ध आज मंगलबारदेखि लागू भएको छ । खाद्य सुरक्षा एवं मानक अधिनियम २००६ र खाद्य सुरक्षा एवं मानक विनियम २०११ का प्रावधान अनुसार यो कदम चालिएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

खाद्य उत्पादनहरूमा सुर्ती र निकोटिनको प्रयोग निषेध भए पनि बजारमा पाइने गुटखा तथा पान मसलाजस्ता वस्तुहरूमा यस्ता घातक पदार्थहरूको मिसावट भइरहेको गुनासो आएपछि प्रशासनले यो निर्णय लिएको हो ।

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद् अवसरमा सम्पूर्ण नगरबासी दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

प्रजापति सापकोटा	: वडा अध्यक्ष
कृष्णमाया थापा	: सदस्य
चन्द्रकला विश्वकर्मा	: सदस्य
ललित ब. विश्वकर्मा	: सदस्य
छबिलाल दुलाल	: सदस्य
अस्मिता खनाल	: वडा सचिव

२ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद् अवसरमा सम्पूर्ण नगरबासी दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

हरिप्रसाद न्यौपाने	: वडा अध्यक्ष
रघुविर बुढाथोकी	: सदस्य
नविना मोहोरा	: सदस्य
राजकर्ण राई	: सदस्य
तारा केसी	: सदस्य
प्रेम कुमारी (सुचिता) चौलागाई	: वडा सचिव

१ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की ◆ **सहसम्पादक**: विमल लामिछाने ◆ **बजार व्यवस्थापक**: केशव खनाल ◆ **लेआउट**: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com